# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: २०२

मिति : २०८२/०४/२०

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

**तपसिल :**

मिति : २०८२/०४/२२ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ११:३० बजे

...........................
(बुद्धि प्रसाद सुवेदी)
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकिय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

CamScanner

बौदीकाली गाउँपालीका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## मिति २०८२/०४/२२ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. भूमि सम्बन्धी समस्याको तथ्यांक संकलन कार्य अद्यावधिक सम्बन्धमा ।

३. विविध विषयका सम्बन्धमा ।

नि. प्रमुख प्रशासकिय अधिकृत

आज मिति २०८२/०४/२२ गतेका दिन बौदीकाली गाउँपालिकाका कार्यवाहक अध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगरज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | कार्यवाहक अध्यक्ष/उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री बुद्धि प्रसाद सुवेदी | नि.प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | | | |
| | | श्री मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री मनोज कोइराला | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०४/२२ गतेको आ.व. २०८२/०८३ को पहिलो बैठकका निर्णयहरु :

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०४/२२ गतेको आ.व. २०८२/०८३ को पहिलो बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौंको विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्वन्धी दोस्रो पटकको ३५ (पैंतीस) दिने सूचना (मिति २०८२/०२/२९ गते प्रकाशित) अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०८१ को परिधि भित्र रहि यस बौदीकाली गाउँपालिकामा तथ्यांक संकलन भएको छ । सोहि कार्यविधिको दफा ११ उपदफा १ बमोजिम प्राप्त भएका निवेदनलाई यथाशिघ्र कम्प्युटर प्रणालीमा प्रविष्टि गर्ने निर्णय गरियो । साथै विगतमा संकलन भएका तर कागजात अपुग भएकोले प्रणालीमा प्रविष्टि गर्न नमिलेका निवेदनहरु पनि आवश्यक कागजात पुर्याई कम्प्युटर प्रणालीमा प्रविष्टि गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा आ.व. २०८२/०८३ मा पशुबाट उत्पादन हुने दुग्ध क्षेत्रतर्फ मात्र अघिल्लो आ.व. को कार्यपालिका बैठकको निर्णय अनुसार नै प्रोत्साहन गर्ने र सो कार्यक्रम अन्तर्गत दुधमा प्रति लिटर रु. ७.५ कृषकलाई र दुध सहकारी संस्थालाई प्रति लिटर रु. २.५ का दरले प्रशासन खर्च वापत रकम दिने निर्णय गरियो ।
- नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, आन्तरिक रोजगार व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौंको प.सं. २०८२/०८३ च.नं. आ.रो.व्य.म ०५ मिति २०८२/०४/१८ गतेको प्रत्र प्राप्त भई व्यहोरा अवगत भयो । चालु आर्थिक वर्ष २०८२/०८३ बाट ७५३ स्थानीय तह मार्फत संचालन गर्ने गरी राष्ट्रिय रोजगार कार्यक्रमको लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको जानकारी प्राप्त भयो । यस कार्यक्रम अन्तर्गत स्थानीय तहमा न्युनतम रोजगारीको क्रियाकलाप संचालन गर्दा विगतमा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमको मापदण्डलाई आधार मानी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।